# राष्ट्रियता ओझेलमा पर्ने गरी सन्धि संशोधन हुँदैन



**लालमणि जोशी**
*सचिव*
*वाणिज्य तथा आपूर्ति मन्त्रालय*

नेपाल-भारत पारवहन सन्धि संशोधन नभई नवीकरण हुनुको प्रमुख कारण भारतले लगाउँदै आएको अतिरिक्त ताला (डबल लक) प्रणाली हो । भारतीय बन्दरगाहमार्फत तेस्रो मुलुकबाट नेपाल आयात हुने हरेक कण्टेनरमा भारतीय पक्षले अतिरिक्त ताला लगाउँदै आएको छ । यो नेपालको राष्ट्रियतामाथिको हस्तक्षेप हो भन्ने निष्कर्ष नेपाल सरकारले निकालेपछि संशोधनविना नै पारवहन सन्धि नवीकरण गर्न लागिएको हो । विशाखापट्नम् बन्दरगाहको प्रयोगलगायत विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले संशोधनका लागि प्रस्ताव गरेको थियो । तर, भारतीय पक्षबाट एकतर्फी रूपमा अतिरिक्त ताला लगाउने निर्णयलाई परराष्ट्र मन्त्रालयले नेपाल-भारत पारवहन सन्धिविपरीत हुने भन्दै संशोधन गर्न नमानेपछि संशोधनविना नै सन्धि नवीकरण हुन लागेको हो । हरेक देशलाई आफ्नो राष्ट्रिय सुरक्षाका विषयमा चिन्ता र चासो हुनु स्वाभाविक हो । भारतले आफ्नो राष्ट्रियताको विषय भनेर भारतका बन्दरगाह हुँदै नेपाल भित्रने कण्टेनरमा अतिरिक्त ताला लगाउँछ भने नेपालले पनि राष्ट्रियताका बारेमा सोच्नुपर्ने हुन्छ भन्ने धारणा परराष्ट्र मन्त्रालयको हो ।

अर्को कुरा अहिले व्यापारीहरूले जसरी भारतले लगाएको अतिरिक्त तालालाई सकारात्मक रूपमा लिएका छन् भन्ने खबरहरू आइराखेका छन्, यसअघि उनीहरूले नै भारतको सो निर्णयको विरोध गरेका थिए । सामान आयातमा सहज भयो भनेर व्यापारीहरूले यस विषयलाई सकारात्मक भनिरहेका छन् । उनीहरूले राष्ट्रियताका विषयमा पनि ध्यान दिनुपर्छ । व्यापारीहरूलाई फाइदा वा सहज भयो भन्दैमा राष्ट्रियतामा आँच आउने काम सरकारले गर्दैन । व्यापारीहरूले पनि राष्ट्रियतामा आँच काम गर्नु हुँदैन । नेपाल-भारत पारवहन सन्धि संशोधन गर्दा राष्ट्रियता ओझेलमा पर्ने देखिएकाले सन्धि संशोधनको कुनै औचित्य नभएको परराष्ट्र मन्त्रालयको ठम्याइ छ । त्यसैले यो सन्धि संशोधन हुन नसकेको हो । भारतको पनि आफ्नै बाध्यता होला । तर, उसको बाध्यताको विषय जोडेर हाम्रो राष्ट्रियता ओझेलमा पार्ने काम गर्नु त भएन नि । व्यापारीहरूले सरकारी कारणले पारवहन सन्धि संशोधन हुन नसकेको आरोप लगाइरहेका छन्, यो गलत हो । सरकारको उद्देश्य पनि व्यापारलाई बढावा दिनु नै हो । त्यसका लागि भारतीय बन्दरगाह हुँदै तेस्रो मुलुकबाट नेपाल आउने वस्तुलाई कसरी सहज ढङ्गले ल्याउन सकिन्छ भन्ने विषयमा सरकारले सधैं सकारात्मक पहल गरिरहेको हुन्छ ।

भारतीय पक्षबाट एकतर्फी रूपमा अतिरिक्त ताला लगाउने निर्णयलाई परराष्ट्र मन्त्रालयले नेपाल-भारत पारवहन सन्धिविपरीत हुने भन्दै संशोधन गर्न नमानेपछि संशोधनविना नै सन्धि नवीकरण हुन लागेको हो ।

# सन्धि संशोधन नगरेर सरकारले ठूलो गल्ती गरेको छ



*डा. रत्नाकर अधिकारी*
*प्रमुख कार्यकारी निर्देशक*
*साबती**

सरकारले नेपाल-भारत पारवहन सन्धि संशोधनविना नै नवीकरण गर्ने निर्णय गरेर ठूलो गल्ती गरेको छ । पारवहन सन्धि संशोधन गर्न सकिएको भए नेपालले प्राप्त गर्न सक्ने धेरै विषय थिए । तर, केही मन्त्रीको हठका कारण सन्धि संशोधन हुन सकेन । अतिरिक्त ताला प्रणाली निकै साधारण विषय हो । तर, सरकारले यस विषयमा तिललाई पहाड बनाउने प्रयास गऱ्यो । यो मुलुक र सम्पूर्ण व्यापारिक जगत्का लागि दुर्भाग्य हो । अहिले मुलुकमा दुईओटा सरकार रहेको अनुभव भइरहेको छ । किनभने, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भारतले लगाउँदै आएको अतिरिक्त तालालाई सकारात्मक रूपमा लिएर सन्धि संशोधनका लागि प्रस्ताव लैजाने तयारी गऱ्यो । तर, सरकारकै अर्को मन्त्रालय परराष्ट्रले सन्धि संशोधन भयो भने राष्ट्रियतामाथि गम्भीर असर गर्ने भन्दै संशोधनविना नै नवीकरण गर्नुपर्छ भन्छ । यो त सरकारको निर्णयभन्दा पनि मन्त्रीको व्यक्तिगत निर्णयजस्तो भएको छ ।

पारवहन सन्धि संशोधन नभएपछि विशाखापट्नम् बन्दरगाहबाट हुने आयातनिर्यात पनि रोकिन सक्छ । यसले गर्दा नेपालले ठूलो घाटा बेहोर्नुपर्ने देखिन्छ । व्यापारिक दृष्टिकोणले नेपालका लागि विशाखापट्नम् निकै महत्त्वपूर्ण बन्दरगाह हो । यस बन्दरगाहबाट सामान पठाउँदा बीचमा कतै नरोकिई सम्बन्धित ठाउँसम्म सुरक्षित पुग्ने गरेको छ । तर, कोलकाता बन्दरगाहबाट पठाइएका समान विभिन्न ठाउँमा रोकिने हुँदा विशाखापट्नम्को तुलनामा त्यो कम विश्वसनीय छ । नियमानुसार व्यापार गर्नेहरूका लागि अतिरिक्त ताला प्रणालीबाट ठूलो फाइदा हुन्छ । व्यापारीले छोटो समयमा नै कण्टेनर लैजान वातावरण बन्छ । भारतीय सुरक्षा निकायबाट हुन सक्ने अवरोधविना नै नेपाली व्यवसायीले वस्तुको आयातनिर्यात गर्न सक्छन् । लागत पनि कम लाग्छ । तर, कालो व्यापार गर्नेलाई भने दोहोरो ताला प्रणालीले अप्ठ्यारोमा पारेको छ । व्यापारीहरूले अतिरिक्त ताला लगाइएको कण्टेनरलाई बाटोमा खोलेर कारोबार गर्न पाउँदैनन् । यसले कालो व्यापार गर्ने व्यवसायीको कारोबार सङ्कटमा परिरहेको छ । त्यसैले केही व्यापारीले पनि राष्ट्रियताको नाममा यो प्रणालीको विरोध गरिरहेका छन् । भारतले नेपाली कण्टेनरमा लगाएको अतिरिक्त तालाले नेपाली राष्ट्रियतामा आँच आउँछ भनेर नेपाल-भारत पारवहन सन्धिलाई संशोधनविना नै नवीकरण गर्ने सरकारी निर्णयले नेपालको व्यापारिक क्षेत्रलाई नकारात्मक दिशातर्फ धकेल्ने उद्देश्यबाहेक अरू केही हुँदैन ।

भारतले नेपाली कण्टेनरमा लगाएको अतिरिक्त तालाले नेपाली राष्ट्रियतामा आँच आउँछ भनेर नेपाल-भारत पारवहन सन्धिलाई संशोधनविना नै नवीकरण गर्ने सरकारी निर्णयले नेपालको व्यापारिक क्षेत्रलाई नकारात्मक दिशातर्फ धकेल्छ।

*साउथ एशियन वाच अन ट्रेड इकोनोमिक्स एण्ड इन्भाएरोमेण्ट